नेपाल सरकार

## सहरी बिकास मन्त्रालय

# २०७१ कार्तिक देखि पौष सम्मको त्रैमासिक अद्यावधिक सूचना विवरण

| **अद्‌यावधिक गरि प्रकाशित सूचनाको विवरण** | **कैफियत** |
|---|---|
| (१) निकायको स्वरुप र प्रकृति :<br>नेपाल सरकारको २६ मन्त्रालयहरू मध्यको एक यो मन्त्रालय केन्द्रिय तहको नीति निर्माण गर्ने निकाय हो । | |
| (२) निकायको काम, कर्तव्य र अधिकार : | अनुशूची-१ |
| (३) निकायका कर्मचारीहरु (संख्या, नाम र कार्य विवरण) | अनुशूची-२ |
| (४) निकायबाट प्रदान गरिने सेवा :<br>मन्त्रालयबाट सर्बसाधारण लक्षित प्रत्यक्ष सेवा सञ्चालन नहुने । | |
| (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | |
| (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: | |
| (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी: | |
| (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी: | |
| (९) सम्पादन गरेको कामको विवरण:<br>• कार्तिक १९: ढल तथा खोलानालामा छाडिने फोहर पानीको गुणस्तर मापदण्डका सिमाहरू तयार गरी सरोकारवालाहरूको राय सुझावकालागि पठाईएको ।<br>• मंशिर २२-२३ खानेपानी सेवा प्रदायकहरूका लागि Benchmarking & Performance Improvement Planning कार्यशाला सम्पन्न ।<br>• नभेम्वर ८: सन् १९४९ देखि मनाउन थालिएको विश्व सहरी योजना दिवस सहरी विकास मन्त्रालय स्थापना हुनु अघिसम्म RUPSON को नेतृत्वमा मनाउदै आएकोमा २०७० सालदेखि भने मन्त्रालयको नेतृत्वमा सहरी योजनासँग संवद्ध सँघ, संस्था, प्राज्ञिक निकायहरू एवम व्यक्तित्वहरूको समेत सहभागितामा विभिन्न कार्यक्रमका साथ मनाउने गरिएको छ। यो वर्षको नारा "सामाजिक समानता र सामञ्जस्यता व्यवस्थित सहरको मान्यता" निर्धारण गरिएको छ । दिवसले सहरी योजनाको महत्व सर्वसाधारण सम्मै उजागर गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।<br>• २०७१ पुस १३-१४: देशका अन्य जिल्लाहरूका तुलनामा सरसफाइको हिसाबले पछि परेका सुनसरी देखि पर्सासम्मका ९ जिल्लाहरूमा सरसफाइमा जागरूकता ल्याउने अभिप्रायले मन्त्रालयले तराई सरसफाइ अभियान सञ्चालन गर्‍यो। पौष १३ गते सप्तरीको कुशाहा, १४ गते महोत्तरीको बर्दिवास र १५ गते बाराको सिमरामा भएको सरोकारवालाहरूको भेलामा माननीय सहरी विकास मन्त्री लगायत उच्चपदस्थ सरकारी पदाधिकारीहरू, सो भेगमा खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत बिभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय निकायका पदाधिकारीहरू तथा स्थानीय जनताहरू समेतको ठूलो संख्यामा उपस्थिति रहेको थियो।<br>• २०७१ पुस१६: मन्त्रालयस्तरिय समस्या समाधान समितिको बैठक बसी मन्त्रालयको | |

| | |
|---|---|
| चालु आ.ब.को प्रथम चौमासिक अबधिको प्रगति समिक्षा सम्पन्न।<br>• यस अवधिमा वातावरणिय समिक्षा समितिको बैठक बसी २ वटा IEE Report, १३ IEE ToR स्विकृत गरिएको/<br>• ओखरपौवास्थित बन्चरेडाँडामा थप जग्गा अधिग्रहण गर्ने प्रयोजनकालागि प्राविधिक समिति गठन । | |
| (१०) सूचना अधिकारी र प्रमुखको नाम र पद<br><br>निकाय प्रमुख: अर्जुन कुमार कार्की, नेपाल सरकारको सचिव<br>सूचना अधिकारी: कवीन्द्र बिक्रम कार्की, सि.डि.ई. | |
| (११) ऐन, नियम, विनियम, निर्देशिकाको सूची | अनुशूची–३ |
| (१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | अनुशूची–४ |
| (१३) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भएसोको विवरण | अनुशूची–५ |
| (१४) सार्वजनिक निकायको वेवसाईटको विवरण:<br>www.moud.gov तथा www.seiu.gov.np | |
| (१५) निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण। | |

मिति: २०७१/१०/२९

श्री राष्ट्रिय सूचना आयोग,

सिंहदरबार, काठमाण्डौ ।

**<u>बिषय: मन्त्रालयको ३ महिने अद्यावधिक सूचना प्रशारण एबम सार्बजनिकिकरण गरिएको बारे ।</u>**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ बमोजिम हरेक निकायले ३/३ महिनामा देहायका बिषयहरू समेटीनेगरी सूचना अद्यावधिक गरी प्रकाशन/प्रसारण/सार्बजनीकरण गर्नुपर्ने व्यबस्था बमोजिम यस सहरी बिकास मन्त्रालयको २०७१ श्रावण देखि आश्विन सम्म र कार्तिक देखि पौष मशान्त सम्मको अवधिका अद्यावधिक सूचना/विवरणहरू सार्बजनिक गरिएको ब्यहोरा अनुरोध छ ।

**<u>सादर अवगतार्थ:</u>**

श्रीमान् सचिवज्यू ,

सहरी बिकास मन्त्रालय ।

( कवीन्द्र बिक्रम कार्की )

सि.डि.ई./ सूचना अधिकारी